# निर्यात व्यापार १ खर्ब पुऱ्याउन कठिन

■ अभियान संवाददाता

मङ्सिर १३, काठमाडौं । यसवर्ष पनि नेपालको निर्यात व्यापार १ खर्ब रुपैयाँ नपुग्ने भएको छ । सरकारी तथा निजीक्षेत्रले निर्यात व्यापारलाई १ खर्ब रुपैयाँबराबर पुऱ्याउने लक्ष्य लिएको भए पनि सोअनुसार निर्यात बढ्न सकेको छैन । राष्ट्र बैङ्कले सार्वजनिक गरेको तथ्याङ्कअनुसार ३ महीनामा २० अर्ब ७३ करोड रुपैयाँको निर्यात व्यापार भएको छ । यसअनुसार वर्षभरिको निर्यात व्यापार करीब ८० अर्बको हाराहारीमा रहने व्यापारविज्ञ डा. रत्नाकर अधिकारी बताउँछन् । 'यूरोपेली मुलुकमा जारी आर्थिक मन्दीको प्रभाव नेपालको निर्यात व्यापारमा देखिन थालेको छ,' उनले भने, 'सोही कारण वैदेशिक मुद्रा आर्जन गर्ने मुख्य निर्यातयोग्य वस्तुको निर्यात बढ्न सकेको छैन ।' यस्तो अवस्थामा भारतीय बजारमा निर्यात बढाउनेतर्फ जोड दिनुपर्ने उनको भनाइ छ ।

**पहिलो ३ महीनाको आयात-निर्यात (रु.मा)**

| आयात | रकम | निर्यात | रकम |
|---|---|---|---|
| पेट्रोलियम पदार्थ | २४ अर्ब १७ करोड ७८ लाख | गलैंचा | १ अर्ब ७३ करोड ६८ लाख |
| सवारीसाधन | ६ अर्ब ७० करोड ९४ लाख | टेक्सटायल | १ अर्ब ४२ करोड ५१ लख |
| सुन | ७ अर्ब ६ करोड ६ लाख | जुटका सामग्री | १ अर्ब १८ करोड ९४ लाख |
| एमएस बिलेट | ५ अर्ब २२ करोड २५ लाख | पोलिष्टर यार्न | १ अर्ब १७ करोड ६० लाख |
| औषधि | ४ अर्ब ३५ करोड २६ लाख | दाल | १ अर्ब ५ करोड ९० लाख |

राष्ट्र बैङ्कको तथ्याङ्कअनुसार ३ महीनाको अवधिमा भारतमा १२ अर्ब २६ करोड रुपैयाँको वस्तु निर्यात भयो । तेस्रो मुलुकमा भने ८ अर्ब ४६ करोड रुपैयाँबराबरको मात्रै निर्यात भएको छ । नेपालबाट तयारी छालाका सामानको निर्यात ७ गुणाले बढेको छ । सोअनुसार छालाका सामानको निर्यात ६ करोड रुपैयाँ पुगेको हो । त्यस्तै, निर्यातयोग्य वस्तुको सूचीमा मुख्य रहेको तयारी पोशाकको निर्यात भने ४० प्रतिशतले घटेर रू. ९१ करोडमा झरेको छ ।

आगामी दिनमा पनि समग्र निर्यात व्यापार उत्साहमुलक रूपमा बढ्न नसक्ने नेपाल निर्यात परिषद्का अध्यक्ष नरेश दासले बताए । 'पछिल्ला २ महीनामा चाडपर्वका कारणसमेत अपेक्षित रूपमा निर्यात बढ्न सकेन,' उनले भने, 'अब व्यवसायीहरू पुन: क्रियाशील भएकाले निर्यात बढ्ने झिनो सम्भावना छ ।'

विगत ३ महीनामा ठूला चाडपर्व परेकाले ठूलो परिमाणमा सामान आयात भएको छ । तथ्याङ्कअनुसार पछिल्ला ४ महीनामा कुल वस्तुको आयात ३६ दशमलव १ प्रतिशतले बढेर १ खर्ब ३६ अर्ब रुपैयाँबराबर भयो । अघिल्लो वर्षको सोही अवधिमा १ खर्ब २६ करोड रुपैयाँको वस्तु आयात भएको थियो । यसवर्ष भारतबाट मात्रै रू. ८६ अर्ब ९२ करोडको वस्तु आयात भएको छ । त्यस्तै, तेस्रो मुलुकबाट रू. ४९ अर्ब ५५ करोडको वस्तु आयात भएको राष्ट्र बैङ्कले तथ्याङ्क सार्वजनिक गरेको छ ।